- लैङ्गिक समानता बोलेर वा लेखेर मात्र प्राप्त हुँदैन ।
- परिणामप्राप्तिका लागि प्रत्येक व्यक्तिले व्यावहारिक सुरूआत आफैंबाट गर्नुपर्दछ ।
- परिवर्तनको प्रारम्भ आफ्नै घरबाट गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com





निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३६ ❖ २०७९ पुस २४ गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 January 08 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क १३१

## राजमार्गका पुलहरू समयमा निर्माण भएन

प्रस, निजगढ, २२ पुस/

पूर्व-पश्चिम राजमार्ग अन्तर्गत निजगढ-पथलैया सडकखण्ड अन्तर्गत



वर्षौंदेखि अलपत्र अवस्थामा रहेको महेन्द्र राजमार्गको निर्माणाधीन दुधौरा पुल । तस्वीरः जीतलाल श्रेष्ठ

दुधौरा पुलको दुई सातायताबाट पुनर्निर्माण कार्य शुरू भएको छ ।

सो पुलको भासिएको पिलरलाई भत्काइ रेक्ट्रोफिटिङ गरियो । तर पनि पिलर जमीनमुनि भासिरह्यो । यस पुलको पिलर दुईपटक भासिएपछि पुललाई पूर्णरूपमा निश्तेज गरी नयाँ पुल निर्माणको काम थालिएको पनि तीन वर्ष नाघ्यो । काम कम गर्ने र अलपत्र छाड्ने ठेकेदारी रोगले यस पुललाई पनि छोडेन । यसतर्फ न त पुल विभाग महाशाखा काठमाडौंको ध्यान गयो, न त राज्यका अन्य सरोकारवाला निकायहरूले निर्माण कार्यलाई निरन्तरता दिन झक्झक्याउने काम नै गरे ।

सडक सञ्जालको हिसाबले मुलुककै जीवनरेखाको रूपमा रहेको एकमात्र पूर्व-पश्चिम महेन्द्र राजमार्गमा बेवारिसे यस पुलको बारे भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव गोपाल सिग्देल, महानिर्देशक अर्जुनजङ्ग थापासँग भेट गरी अविलम्ब निर्माण सम्पन्न गर्न भर्खरै निर्वाचित बारा क्षेत्र नं ४ का सङ्घीय सांसद कृष्णकुमार श्रेष्ठले आग्रह गरेपछि पुल निर्माणको कार्यले गति लिएको छ ।

वर्षायाममा मात्र निर्माण कार्य अलपत्र हुने होइन । सहज मौसममा पनि लामो समयसम्म पुलको काम बेवारिसे रह्यो । पुल निर्माण नहुँदा ठूला-साना सवारीसाधनहरूले कठिनाइ भोग्दै आइरहेका छन् । बिरामीलाई समयमा अस्पताल पुऱ्याउन नसक्दा एम्बुलेन्स पनि पीडित रहेको जीतपुरसिमरा नगर उद्योग वाणिज्य सङ्घद्वारा सञ्चालित एम्बुलेन्स चालक सञ्जय सिंहले बताए । दुई सय मिटर डाइभर्सन पार गर्न कम्तीमा पनि १० मिनेट लाग्ने बताउँदै विभिन्न प्रकृतिका बिरामी ओसार्दा सडकका खाल्डाखुल्डीका कारण बिरामीहरूलाई झन् पीडा थपिने गरेको चालक सिंहले बताए । दुर्घटनाका घाइते, प्रसूति पीडालगायतका गम्भीर प्रकृतिका बिरामीलाई सडक र डाइभर्सन खराब हुँदा समयमैं अस्पताल पुऱ्याउन ढिला हुने गरेको निजगढका एम्बुलेन्स चालक वीरबहादुर लोप्चनले दुःखेसो पोखे । त्यहाँको डाइभर्सन केही दिनअघि मरम्मत गरिए पनि पुनः खाल्डाखुल्डी भइसकेको छ ।

सो पुल निर्माणका लागि खोलिएको डाइभर्सन कहालीलाग्दो छ । महीनौंसम्म डाइभर्सनका ठूला खाडलहरूलाई नसम्याउँदा होचा बनोटका सवारीसाधनहरू खाल्डोमा परी दुर्घटना हुने गरेको जिल्ला ट्राफिक प्रहरी कार्यालय, बाराले जनाएको छ ।

डाइभर्सनमा धूलो नउडोस् भन्नाका लागि पानी पटाउने गरे पनि त्यस कार्यले निरन्तरता पाएको छैन । ८०/९० किलोमिटर सडक यात्रा पार गरेर आउने सवारी चालक अनि यात्रुहरूसमेत यति छोटो डाइभर्सनका खाल्डाखुल्डी र उडेको धूलोले दिक्दार भइरहेका छन् ।

शुरूमा खाल्डाखुल्डी पुर्ने, सम्याउने कार्य भएपनि पछिल्लो समय ठेकेदार कम्पनी सम्पर्कविहीन हुँदा महीनौं दिनसम्म खाल्डाखुल्डी अलपत्र रह्यो । जसले गर्दा सवारीसाधनमा क्षति हुने र दुर्घटनाको जोखिम बढाएको ट्राफिक प्रहरीहरू बताउँछन् । दुधौरा पुल ठेक्का साकार गरेको तीन वर्षभित्र निर्माण कार्य सम्पन्न गर्नुपर्ने भएपनि सो समयसीमा सकिसकेको छ । सो अवधिमा बढीमा ३० देखि ३५ प्रतिशत मात्र काम भएको छ । जसमा एउटा पिलर उठाउने, अर्को पिलरको जगमा ढलानको काम र अन्य दुईछेउको काम शुरू भएको छ ।

पुल निर्माण कार्यक्षेत्रमा कति रकममा ठेक्का साकार भएको, कति समयावधिमा काम सम्पन्न गर्नुपर्ने, ठेकेदार कम्पनीको सम्पर्क नम्बरलगायतका विवरण खुल्ने सार्वजनिक बोर्ड राख्नुपर्नेमा सोसमेत पालना भएको छैन । जसले गर्दा ठेकेदार कम्पनीको बेवास्ता बढेको देखिन्छ ।

महादेव खिम्ती हिराचन जेभी काठमाडौंले दुई स्पानको ९० मिटर लम्बाइको उक्त पुल निर्माण सम्पन्न गर्नका लागि १७ करोड २२ लाख रुपैयाँमा ठेक्का साकार गरेको पुल विभाग महाशाखा, काठमाडौंले जनाएको छ । साबिक पुलको पिलर दुईपटक भासिएपछि र सडकको चौडाइ पनि विस्तार गर्ने कार्यअघि बढेपछि पुरानो पुललाई पूर्णरूपमा भत्काइ नयाँ पुलको डिजाइन बनाएपछि निर्माणका लागि ठेक्का सम्झौता भएको पुल विभाग महाशाखाले जनाएको छ । महेन्द्र राजमार्ग निर्माणका बेला तत्कालीन सोभियत सङ्घले चार दशकअघि निर्माण गरेको दुई लेनको पुल अब चार लेनको हुने महाशाखाले जनाएको छ । ठेक्का सम्झौता अवधिमा महामारीका रूपमा फैलिएको विश्वव्यापी कोभिड-१९ का कारण निर्माण सामग्री र कामदारको अभाव भएकाले तोकिएको समयसीमाभित्र काम सम्पन्न गर्न नसकेको भन्दै ठेकेदार कम्पनीले म्याद थपका लागि पटक-पटक पत्राचार गरे पनि पुलको ठेक्का सम्झौता गर्दाको समयमा भन्दा अहिले फलामे डन्डी, सिमेन्टलगायत निर्माण सामग्रीको मूल्य अत्यधिक आकाशिएकाले पनि पुल निर्माणमा ठेकेदार कम्पनीले ढिलाइ गरि रहेको स्रोतले जनाएको छ ।

ठेकेदार कम्पनीको आग्रहलाई ध्यानमा राख्दै पुल महाशाखा विभागले उक्त कार्य २०८० असार मसान्तभित्र निर्माण सम्पन्न गरिसक्नुपर्ने म्याद थप गरिदिएपछि कामले गति लिन थालेको हो । वर्षामा सवारीसाधन आवतजावतमा समस्या नहोस् भन्ने उद्देश्यले दुधौरा खोलामा निर्माणाधीन पुलको दक्षिणतर्फ बेलिब्रिज सञ्चालनमा ल्याउने गरिएको छ । बढीमा ३० टनसम्म क्षमता भएको सो ब्रिजमा ५०/६० टनभन्दा बढी भारका मालवाहक सवारीसाधन ओहोरदोहोर गर्ने गरेका छन् । जसले गर्दा सो ब्रिजसमेत उच्च जोखिममा रहेको प्राविधिकहरू बताउँछन् ।

यस राजमार्गको निजगढ-पथलैया सडकखण्डमा मरम्मत सम्भारको अभावमा जोखिममा रहेका निजगढस्थित बकैया पुल, पसाहा पुल र बालगङ्गा पुलको तत्कालै मरम्मत सम्भार गरी सञ्चालनमा ल्याउने सरकारको योजना अनुसार २०७८/९/१४ गते ठेक्का सम्झौता भएको थियो । यही पुस मसान्तभित्र ती पुलका मरम्मत सम्भारका कार्य सम्पन्न गर्नुपर्ने समयसीमा रहे पनि पसाहा पुल र बालगङ्गा पुलको काम शुरू भएकै छैन । ती तीन पुल न्यू टेक्निकल वाटर प्रुफिङ एन्ड इन्फ्रा रिह्याबिटेशन कम्पनी, काठमाडौंले एक करोड ८१ लाखमा मरम्मत सम्भार गर्ने गरी ठेक्का साकार गरेको सडक डिभिजन कार्यालय, हेटौंडाले जनाएको छ ।

विभिन्न कारणले ठेकेदार कम्पनीले म्याद थप गर्न आग्रह गरिरहेको सडक डिभिजन कार्यालय, हेटौंडाका प्रमुख राजेश यादवले बताए ।

बकैया पुलको मरम्मत सम्भारपछि तीन महीनाअघि पूर्णरूपमा सञ्चालनमा आइसकेको छ ।

## तमु क्लबद्वारा रक्तदान

प्रस, वीरगंज, २३ पुस/

जीतपुरसिमरा उपमहानगर-२१ अमलेखगंजस्थित तमु क्लबको




तस्वीरः प्रतीक

आयोजनामा शनिवार भएको रक्तदान कार्यक्रममा १९ जना महिलासहित ९३ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेले बताए ।

कार्यक्रममा पार्वती बरई, कोपिला गुरुङ, राजकुमार गुरुङ, बमबहादुर मोक्तान, लक्ष्मी बल, नीरमाया गुरुङ, जाकिर हुसैन, विक्रान्त साह, शान्ति तामाङ, सुनसरी थिङ, देवमाया गुरुङ, मुना श्रेष्ठ, रामकुमार पाखिन, अनिश राणा, डिबी गुरुङलगायतले रक्तदान गरेको प्राविधिक प्रमुख पाण्डेले बताए ।

## छोटकरी

### जनता माविमा चोरी

प्रस, पर्सागढी, २३ पुस/

पर्सागढी नगरपालिका-३ स्थित जनता माध्यमिक विद्यालय, पकडिया बडनिहारमा गएराति चोरी भएको छ ।

रातिको समयमा चोरहरूले विद्यालयमा लगाइएको सिसिटिभी र अन्य सामग्रीहरू चोरी गरेको प्रहरी चौकी बडनिहारले जानकारी दिएको छ । चोरहरूको पहिचान खुल्न बाँकी छ ।

प्रहरीले सिसिटिभीबाट अनुहार अहिले पहिचान हुन बाँकी रहेको र पहिचानका लागि फोटो सफा गरी ल्याउने बताए ।

## चीसो बढेसँगै विद्यालय बिदा बढ्यो

प्रस, वीरगंज, २३ पुस/

चीसो बढेसँगै विद्यालयहरूले बिदा बढाएका छन् ।

पुस १८ गतेदेखि शुरू भएको शीतलहरसँगै पर्सा जिल्लाका विद्यालयहरू पुस २३ गतेसम्मको लागि बन्द गरिएका थिए । तर यो अवधिमा चीसो कम नभएको र शीतलहर जारी रहेको कारण जगरनाथपुर, जीराभवानी, पटेर्वासुगौली, सखुवाप्रसौनी, विन्ध्यवासिनी गाउँपालिका र पोखरिया नगरपालिकाले सामुदायिक विद्यालयहरूको बिदा बढाएका छन् । जीराभवानी, जगरनाथपुर, पटेर्वासुगौली र सखुवाप्रसौनी गाउँपालिकाले पुस २७ गते बुधवारसम्मको लागि बिदा दिएका छन् ।

यसैगरी, विन्ध्यवासिनी गापाले माघ २ गतेसम्मको लागि बिदा दिएको छ ।

## लायन्स क्लबद्वारा आँखा शिविर सम्पन्न

प्रस, पोखरिया, २३ पुस/

लायन्स क्लब अफ वीरगंज सेन्ट्रल सिटीले पोखरिया नगरपालिका-८ मा



शिविरमा आँखा जाँच गर्दै चिकित्सक । तस्वीरः प्रतीक

आँखा शिविर सम्पन्न गरेको छ ।

वीरगंज सामुदायिक आँखा अस्पतालको सहकार्यमा सम्पन्न शिविरमा २०० जनाले आँखा जाँच गराएका ७५ जनामा मोतीबिन्दुको समस्या देखिएको लायन्स सेन्ट्रल सिटीकी अध्यक्ष सलमा खातुनले बताइन् ।

७५ जनाको आइतवार निश्शुल्क शल्यक्रिया गरिने अस्पतालका महेशसिंह धामीले बताए ।

कार्यक्रममा पोखरियाका प्रमुख प्रद्युम्न चौहान, एमालेका नगर अध्यक्ष विन्ध्याचल ठाकुर, वडाध्यक्ष किशोरी साह, डा मनोज गुप्ता, डा लक्ष्मी थापालगायतको सहभागिता थियो ।

## बज्जिका सङ्गमको ५४औं साहित्यिक गोष्ठी सम्पन्न

प्रस, गरुडा, २३ पुस/

रौतहटको गरुडामा बज्जिका साहित्यिक गोष्ठी सम्पन्न भएको छ ।



गोष्ठीमा सहभागीहरू । तस्वीरः प्रतीक

गरुडास्थित रेडियो मधेस मसला एफएमको सभाकक्षमा शनिवार बज्जिका साहित्य सङ्गम, रौतहटले हरेक महीना आयोजना गर्ने साहित्य शृङ्खलाको ५४औं गोष्ठी सम्पन्न भएको हो । सङ्गमले हरेक महीना आयोजना गर्ने साहित्यिक गोष्ठी तीन महीनापछि शनिवार सम्पन्न भएको हो ।

सङ्गमका अध्यक्ष किशुनदयाल श्रीकृष्णाको अध्यक्षतामा भएको कार्यक्रममा सर्लाही, रौतहट र बाराका बज्जिका साहित्यकारहरूको सहभागिता थियो ।

कार्यक्रममा बज्जिका भाषाका साहित्यकार तथा नेपाल साहित्यिक पत्रकार महासङ्घ मधेस प्रदेशका अध्यक्ष सञ्जय साह मित्र, सर्लाहीका साहित्यकार सञ्जय सुदामा, बाराका बज्जिका साहित्यकार तथा नवसर्जक साहित्य चौतारी नेपाल मधेस प्रदेशका कोषाध्यक्ष अभिजितकुमार राम, साहित्यकार रेणु गुप्ता, सङ्गीता सहनी, मोमताज रायभाट, चन्दनकुमार यादव, बज्जिका गायकद्वय रवीन्द्रकुमार पटेल, कुमार चन्दनलगायतले आआफ्नो प्रतिभा प्रस्तुत गरेका थिए ।

मधेस प्रदेशसभामा मातृभाषा बज्जिकामा शपथ लिने प्रदेश सांसदहरूप्रति धन्यवाद व्यक्त गर्दै मधेस प्रदेशसभामा मातृभाषाहरूमध्ये बज्जिकालाई सबैभन्दा ठूलो मातृभाषा बनाउने सांसदहरूप्रति सङ्गमले आभार पनि व्यक्त गरेको छ ।

कार्यक्रममा आगामी दिनमा बज्जिका भाषा र साहित्यका लागि थप प्रभावकारी कार्यहरू गर्नुपर्ने सुझाव सहभागीहरूले दिएका थिए ।

## विचारसार र सूक्तिहरू

**जसरी सूर्यको प्रकाश अलग–अलग घरमा पुगेर पनि भिन्दाभिन्दै हुँदैन, त्यसै प्रकारले ईश्वरको महान् आत्मा पृथक–पृथक जीवमा प्रविष्ट भएर विभिन्न हुँदैन ।**


| | |
|---|---|
| प्रकाशक | : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : विकाश शर्मा |
| सम्पादक | : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# याद राख

तिमीलाई अरूले जे दिन्छ, त्यही तिमीले पाउँछौं तर अनन्तगुणा पाउँछौं । घृणा, द्वेष, वैर, द्रोह, ईर्ष्या, बुराई अथवा प्रेम, सद्भाव, मैत्री, सहानुभूति, आत्मीयता, भलाई– यसमध्ये केही पनि दिएर हेर ।

तिमी यदि सोच्छौं कि 'फलानो मानिसमा यति खराबी छ, उति खराबी छ, त्यस सोचले तिमीमा उत्तिकै खराबी भरिदिन्छ । जसमा खराबी हुन्छ, ऊ दुर्बल हुन्छ, किनभने ऊ खराबीको नाश गर्न असमर्थ छ। र दुर्बलमाथि नै अरूको विचारको बढी प्रभाव पर्छ । अतएव यदि तिमी कुनै विकारग्रस्त मनुष्यसँग घृणा गर्छौ र उसलाई नराम्रो ठान्छौं भने उसले तिमीले दिएका यी सबै कुरा आत्मसात् गरेर तिमीसँग झनै घृणा र नराम्रो गर्न थाल्छ। उसमा खराबी बढ्छ र ऊसँग जे हुन्छ उसले त्यही दिन्छ, यस न्यायबाट जे पनि उसको सम्पर्कमा आउँछ, उसलाई त्यसबाट त्यही वस्तु पाइन्छ। यसबाट खराबीको विस्तार हुन्छ।

यदि तिमी यो मान्छौ कि अरू कसैमा कुनै गुण छैन, दोष मात्र छ, तब तिमी भूल गरिरहेका छौ । गुणको के कुरा, वस्तुतः सबैमा एकमात्र ईश्वर विद्यमान छ, तर तिम्रो आँखा ईश्वरलाई नदेखेर खराबी र दोष मात्र देख्छ, यसबाट तिमीले त्यही कुरा पाउँछौं, ईश्वर पाउँदैनौं।

तिमी जति अरूलाई नराम्रो भन्ठान्छौं, त्यति ऊप्रति नराम्रोको भागी हुन्छौं र उत्तिकै खराबी बढेर तिमीकहाँ फर्कन्छ र त्यो शूलसरह तिम्रो हृदयमा घोचेर तिम्रो नराम्रोपनलाई झनै बढाइदिन्छ ।

यदि तिमी आफ्नो मनमा कसैप्रति कुनै दुर्भाव राख्दनौ–हेर्दैनौं, कसैलाई बैरी मान्दैनौं, तब शायदै तिम्रो कुनै वैरी होला, तर यत्ति हुँदा पनि तिमीप्रति कसैले शत्रुता राख्दछ, जसको सम्भावना निकै कम छ। धेरैपटक त तिमी आफ्नै मनको दूषित भावले गर्दा अरूमा शत्रुता देख्छौ – तब तिमी त्यस शत्रुताको बदला प्रेम, हित र भलाइले दिनु । तिम्रो यो प्रेम, हित र भलाईको व्यवहारले उसको शत्रुताको प्रयत्न निष्फल हुन्छ र परिणाममा उसको मनमा शत्रुभाव मित्रभावमा परिणत हुन्छ। यसबाट तिमी अरूलाई एउटा ठूलो विपत्तिबाट जोगाउँछौं र आफू पनि जोगिन्छौ ।

यदि एकजना पनि मानिसलाई तिमीले प्रेम दिएर घृणा तथा खराबीको विषबाट बचाउँछौं, उसको मनमा प्रेम भरिदिन्छौं, उसद्वारा समाजमा घृणा तथा नराम्रोको विष फैलाउन बन्द हुन्छ। प्रेमको अमृतको प्रसार हुन्छ र यसप्रकार तिमी समाजको ठूलो सेवा गर्न सक्छौ ।

यदि तिमीले नराम्रोको बदला नराम्रोसँग दिन्छौ भने त्यो खराबीको बलिरहेको आगोमा घ्यू र इन्धन छरेजस्तो हो । त्यसबाट खराबीको आगो झनै दन्कन्छ र चारैतिर फैलिएर उसलाई तिमीलाई र वरपरको छिमेकी मात्र होइन, गाउँ, नगर र देशलाई पनि जलाउने कारण बन्छ।

यदि तिमी प्रेम गर्छौ, प्रचुर प्रेम गर्छौ, तब खराबीको, द्वेषको आगोमा पानीको वर्षा गरिरहेका हुन्छौ, यसबाट खराबीको आगो निभ्नेछ। तिमीसँग छरिएर रहेको–बढेको पवित्र प्रेम–सरिता आउनेछ, जसले तिम्रो जीवनलाई निर्भर, सुखी र शान्त बनाउनेछ । – शिव

**यदि तिमी प्रेम गर्छौ, प्रचुर प्रेम गर्छौ, तब खराबीको, द्वेषको आगोमा पानीको वर्षा गरिरहेका हुन्छौ, यसबाट खराबीको आगो निभ्नेछ । तिमीसँग छरिएर रहेको–बढेको पवित्र प्रेम–सरिता आउनेछ, जसले तिम्रो जीवनलाई निर्भर, सुखी र शान्त बनाउनेछ ।**

## वरणीय दुःख हो, सुख होइन

महाभारत युद्ध समाप्त भइसकेको थियो, विजयी धर्मराज सिंहासनासीन भइसकेका थिए । अश्वत्थामाले पाण्डवको वंश नै नष्ट गर्नको लागि ब्रह्मास्त्रको प्रयोग गरेका थिए; तर जनार्दनले पाण्डवको र उत्तराको गर्भस्थ शिशुलाई त्यसबाट रक्षा गरेका थिए । अब श्रीकृष्ण द्वारका जान चाहन्थे । त्यसैबेला देवी कुन्ती उनीकहाँ आइन् र प्रार्थना गरिन् । उनले बडो अद्भूत प्रार्थना गरिन् । आफ्नो प्रार्थनामा उनले यस्तो कुरा मागिन्, जुन कदाचित कसैले माग्ने साहस गर्छ । उनले मागिन्,– हे जगद्गुरो ! जीवनमा पटक–पटक हामीमाथि विपत्ति मात्र आइरह्यो । तपाईंको दर्शन विपत्तिमा हुन्छ र त्यसपछि जीव पुनः यस संसारमा आउँदैन ।

यो देवी कुन्तीको आफ्नो अनुभव थियो । उनको जीवन विपत्तिमा नै बित्यो र विपत्ति भगवान्को वरदान हुन्छ र यसमा उनले राम्ररी अनुभव गरेकी थिइन्। अब उनको पुत्रको राज्य निष्कण्टक भयो। उनलाई लाग्यो कि विपत्तिरूपी निधि अब हातबाट गइसकेको छ। यसैकारण श्यामसुन्दरसँग विपत्तिको वरदान मागिन् उनले ।

प्रमादी सुखी जीवन धिक्कारयोग्य हुन्छ। धन्य छ त्यो विपद्ग्रस्त जीवनको दुःखपूरित क्षण, जसमा उनलाई अखिलेश्वरको स्मरण आउँछ।

**यदि दुष्टले जोरी खोज्छ भने त्यससँग झूटो शपथ खाएर पनि आफ्नो पिछा छुटाऊ । उसबाट आफ्नो धन तथा प्राणको रक्षा गर्नको लागि बोलिएको झूटो, झूट होइन । आफ्नो वश रहँदै प्राणीको हात अनीतिपूर्वक आफ्नो धन अपहरण हुन दिनुहुन्न । धर्मको लागि झूटो बोल्नाले मनुष्य झूटो कहलाउँदैन ।**

# सरकार नयाँ : चुनौती पुरानै

समयान्तर



ओमप्रकाश खनाल
omkhanal@gmail.com

देशले नयाँ सरकार पाएको छ । चुनावी गठबन्धन तोडेर नयाँ गठबन्धनको टेकोमा पुष्पकमल दाहाल प्रचण्ड देशको प्रधानमन्त्री बनेका छन्। धेरैलाई लागेको थियो, कम्तीमा यो संसद्को आधा कार्यकाल केपी ओली र प्रचण्डबीच सहकार्य हुनेछैन । पार्टी विभाजनको तिक्ततालाई पैतालामुनि दबाएर चुनावी गठबन्धनविपरीत सरकार निर्माण गरेका प्रचण्डका लागि यही कदम मुख्य चुनौती बन्ने देखिन्छ । प्रचण्डले राजनीतिक कू गरेको भन्दै जसरी पनि प्रचण्डलाई अप्ठेरो पार्ने मनसाय काङ्ग्रेस सभापति शेरबहादुर देउवामा प्रकट भएको छ, भुइँको टिप्न खोज्दा पोल्टाको पनि गुमाएको देउवाको यो बेचैनी अस्वाभाविक होइन ।

प्रधानमन्त्री प्रचण्डलाई विश्वासको मतबाट रोक्न शेरबहादुरले अनेक उपाय लगाइराखेका खबर सञ्चारमाध्यममा आएका छन् । संसद्मा पाँचौं दल बनेको राप्रपाका राजेन्द्र लिङ्देनलाई प्रधानमन्त्री दिन देउवा तयार रहेको कुरासमेत राजनीतिक वृत्तमा आइराखेका छन् । अहिले ७ दलको समर्थनमा उभिएको प्रचण्ड सरकारमा प्रचण्डको माओवादीसहित नेकपा एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी र जनमत पार्टीमात्र सहभागी छन् । सरकारलाई बाहिरबाटै समर्थन गरेका जसपा, राप्रपा र नागरिक उन्मुक्ति पार्टीलाई बाहिर ल्याउने र प्रचण्डलाई विश्वासको मतमा असफल बनाउने देउवाको रणनीति देखिन्छ ।

प्रचण्डलाई १६९ सांसदको समर्थन छ। काङ्ग्रेस आफ्नो रणनीतिमा सफल भए राप्रपाका १४, जसपाका १२, नागरिक उन्मुक्ति पार्टीका ४ र स्वतन्त्र ३ गरी कुल ३३ सांसदहरूले गठबन्धन छोड्दा प्रचण्डसँग १३६ जनाको मात्र समर्थन हुन्छ। बहुमतका लागि १३८ जना सांसदको साथ आवश्यक पर्दछ। यो अवस्थामा प्रचण्डलाई १० सिट ल्याएको माधव नेपालको समाजवादी पार्टीको समर्थन चाहिन्छ । समाजवादी पार्टी प्रचण्डलाई साथ दिने कि नदिने भन्नेमा स्पष्ट नभएको अवस्थामा माधवलाई समेत आफ्नै पक्षमा तान्ने प्रयत्नमा काङ्ग्रेस नउत्रिएला भन्न सकिन्न। माधव नेपाललाई प्रधानमन्त्री दिएर भए पनि प्रचण्डलाई विश्वासको मतबाट रोक्ने पक्षमा काङ्ग्रेस राजनीति अघि बढेको विश्लेषण पनि नभएको होइन। प्रचण्ड विश्वासको मत प्राप्त गर्न असफल भए काङ्ग्रेसले राप्रपा, जसपा, नागरिक उन्मुक्तिसहित समाजवादी र लोसपाको समर्थनमा सरकार बनाउने सम्भावना रहन्छ। प्रचण्ड सरकार ढल्ने भएपछि अहिले सत्तामा रहेका दल पनि काङ्ग्रेसको कित्तामा नउभिएलान् भन्न सकिन्न । त्यतिबेला स्वतन्त्र सांसद र नेमकिपा तथा राष्ट्रिय जनमोर्चाले पनि समर्थन गर्ने विश्वास देउवाको छ। जसरी पनि कुर्सीमा टाँसिइरहने प्रवृत्ति र सबैभन्दा ठूलो दल भएर पनि सङ्घदेखि प्रदेशसम्म सत्ताबाट आउट हुनुपरेको पीडाले छटपटिएका देउवा प्रचण्ड सरकारलाई असफल बनाउन हदैसम्मको प्रयत्नमा उत्रिने कुरामा शङ्का छैन ।

त्यसैले राजनीतिक अस्थिरता प्रचण्ड सरकारले सामना गर्ने प्रमुख चुनौती हो। यो सरकारका लागि मात्र नभएर देशकै लागि समस्या हो । संसद्को अघिल्लो कार्यकालमा दुईतिहाई बहुमतको सरकार त पूरा कार्यकाल चल्न सकेन भने अरूको बैशाखी नटेकी उभिन नसक्ने अहिलेको सत्ता राजनीतिक अस्थिरताको कारण बन्ने कुरामा विवाद आवश्यक छैन । प्रकारान्तरले विश्वासको मत पाए पनि दुई वर्षपछि यो सरकार सत्ता गठबन्धनकै कारण समस्यामा पर्ने सम्भावनालाई पनि नकार्न सकिन्न । किन ? अहिले ओली र प्रचण्डको गठजोड एजेन्डाको नभएर स्वार्थको मिलन हो । प्रचण्डको चातुर्य र ओलीको दम्भको टकरावले सत्ता यात्रा त्यति सहज बन्ने अवस्था नहुन सक्दछ। संसद्को अघिल्लो कार्यकालमा ओली र प्रचण्डबीचको तिक्तता र त्यसले देशको अर्थराजनीतिले उठाएको क्षतिको परिदृश्य पुरानो भइसकेको छैन ।

अर्को, अहिलेको संसद्मा सङ्घीयता विरोधी शक्तिको उदयमात्र भएको छैन, त्यस्ता शक्तिको समर्थनमा प्रचण्ड प्रधानमन्त्री बनेका छन्। राप्रपा र स्वतन्त्र पार्टी सङ्घीयतामा उदार छैनन्, व्यक्तिगतरूपमा केपी ओली स्वयंको छवि सङ्घीयतामैत्री होइन। नेतृत्वको प्रवृत्तिका कारण सङ्घीयताको औचित्यमा प्रश्न उठिरहेको बेला संसद्मा सङ्घीयताप्रति अनुदार राजनीतिक वर्चस्वले प्रचण्डलाई सङ्घीयता कार्यान्वयनमा चुनौती थपिने सम्भावनालाई अस्वीकार गर्न सकिन्न। पुराना र ठूला भनिएका राजनीतिक दलहरूप्रति जन–असन्तोष पोखिएको बेला प्रचण्ड देशको प्रधानमन्त्री बनेका छन् । स्थानीय सरकारमा स्वतन्त्र नेतृत्वको उदयदेखि संसद्मा स्वतन्त्र पार्टी, जनमत, नागरिक उन्मुक्ति पार्टी र स्वतन्त्र सांसदहरूको सङ्ख्या यसैको परिणति हो । ठूला दलका शीर्ष नेताप्रति व्यापक जन–असन्तोष देखिएको बेला कार्यकारी प्रमुखको पदमा उक्लिएका प्रचण्डका लागि यो असन्तोष पर्गेल्नु सहज छैन ।

**पुराना र ठूला भनिएका राजनीतिक दलहरूप्रति जनअसन्तोष पोखिएको बेला प्रचण्ड देशको प्रधानमन्त्री बनेका छन् । स्थानीय सरकारमा स्वतन्त्र नेतृत्वको उदयदेखि संसद्मा स्वतन्त्र पार्टी, जनमत, नागरिक उन्मुक्ति पार्टी र स्वतन्त्र सांसदहरूको सङ्ख्या यसैको परिणति हो ।**

भूराजनीतिक सन्तुलन नेपालको सत्ता राजनीतिको मुख्य चुनौती बन्दै आएको छ। प्रचण्ड सरकार यसको अपवाद हुन सक्दैन । जसरी पनि केपी ओलीलाई सत्ताबाट बाहिर राख्ने रणनीतिक रुचिमा चुनावी गठबन्धनमा लागेका प्रचण्ड चुनावी परिणामसँगै केपी कित्तामा गाँसिन पुगेका छन् । नेपालको सत्ता राजनीतिमा भारत र चीनको चासो सतहमैं देखिन थालेको छ । प्रचण्डलाई चीनको उक्साहटमा केपीतिर लागेको भाष्य भारतीय मिडियाले खडा गरेको अवस्थामा भारतीय संस्थापनबाट असहयोगको सम्भावना पनि नकार्न सकिन्न । छिमेक नीतिलाई सन्तुलनमा राखेर अर्थ–राजनीतिका सरोकारहरूलाई सहज बनाउनु पनि प्रचण्डका निम्ति चुनौतीपूर्ण हुन सक्दछ ।

अहिले देशको अर्थतन्त्र सङ्कटमा छ। नयाँ सरकार बनेपछि केही सुधारको अपेक्षा गरिए पनि ढुक्क हुने स्तरको आधार निर्माण भएको देखिएको छैन। अर्थतन्त्रको चालक भनिएको निजी क्षेत्रले आन्दोलन स्थगित गरे पनि चरम असन्तोष र आशङ्कामा छ । उद्यमी व्यापारीले प्रचण्ड र सरकारका अर्थमन्त्रीलाई भेटेर अर्थतन्त्रका समस्यालाई निकास दिन अग्रह गरेका समाचार आएका छन् । प्रचण्ड सरकारलाई लगानीकर्ताको मनोबलको सूचक मानिएको शेयर बजारले स्वागत गरेको छ। तर योमात्र पर्याप्त होइन। वर्तमान सरकारको पहिलो बैठकले अर्थतन्त्रका समस्या समाधानका निम्ति प्रभावकारी कदम चाल्ने निर्णय पनि गरेको छ। काम गर्छ कि गर्दैन, त्यो भने प्रतीक्षाको विषय बनेको छ । विश्व अर्थतन्त्र र यसका सूचकहरूलाई हेर्दा अर्थतन्त्रको सुधार त्यति सहज छैन, तर असम्भव पनि छैन ।

अर्थतन्त्रका सूचकमा केही समय सुधारको सङ्केत देखिने र पुनः समस्या प्रकट हुने भइरहेको छ । सरकारको न्यून पूँजीगत खर्च, तरलताको अभाव, चर्को ब्याजदर र मूल्यवृद्धि, बेरोजगारी र सरकारको फजुल खर्च मूल समस्या हुन्। यसमा मूल्यवृद्धि बाह्य कारण भए पनि अन्य सरोकारमा सरकारले आन्तरिक गृहकार्यमार्फत सहजीकरण गर्न नसक्ने होइन। जस्तै पूँजीगत खर्च बढाउँदा तरलता अभाव र ब्याजको समस्या घट्न सक्दछ। विद्युत् सुलभ बनाउँदा उत्पादन लागत घट्ने र रोजगार बढ्ने हुन सक्दछ। अनावश्यक खर्च कटौती गर्न नसकिने कुरा होइन। सरकारले गर्नैपर्ने काम नगरेर अर्थतन्त्रलाई नियन्त्रणको बाटोमा लगिरहेको भान हुन्छ। मौद्रिक नीतिमा कडाइ गर्नुमात्र अर्थतन्त्र सुधार्ने उपाय होइन । सरकारले सहज बाटो खोजेर मात्र हुँदैन, नियन्त्रण सहज काम हो। वैदेशिक लगानी, विप्रेषण, पर्यटन, निकासी व्यापारलगायतको प्रवर्द्धनमार्फत अर्थतन्त्रलाई लयमा फर्काउनुपर्दछ। यसका लागि नियन्त्रणमात्र पर्याप्त हुँदैन, काम गर्ने तत्परता र इमानदारी चाहिन्छ ।

# राष्ट्रिय कृषि गणनाको परिणाम अन्तिम चरणमा

काठमाडौं, २३ पुस/रासस

मुलुकमा सङ्घीय संरचनाको सुरुआत भएपछि पहिलोपटक गरिएको राष्ट्रिय कृषि गणनाको परिणाम अन्तिम चरणमा पुगेको छ ।

उक्त गणना अन्तर्गत देशभरमा उत्पादन हुने विभिन्न बालीनालीको अवस्था, कृषि क्षेत्रको विवरण, कृषि उत्पादनमा समेटिएको क्षेत्रफल, पशुपक्षीको सङ्ख्या, सिंचाइ, कृषि सामग्रीको प्रयोग, माछापालनलगायत विवरण सङ्कलन, प्रशोधन तथा प्रकाशन गर्ने कार्य अन्तिम अवस्थामा पुगेको राष्ट्रिय तथ्याङ्क कार्यालयले जनाएको छ।

आगामी माघभित्रमा यसको प्रकाशन गरिने तयारी छ । पहिलोपटक पालिकास्तरदेखि नै कृषकको अवस्था खेतीपाती गरिएका कित्ताको क्षेत्रफल, उत्पादनलगायत विषय सङ्कलन गरिएको हो। देशभरको कृषि क्षेत्रका समग्र विषयवस्तु सङ्कलन गर्ने कार्य नै राष्ट्रिय कृषि गणना हो। विसं २०१८ देखि प्रत्येक १०/१० वर्षमा कृषि गणना हुँदै आएको छ।

यस क्रमको यो सातौं राष्ट्रिय कृषि गणना २०७८ को चैत, वैशाख र जेठमा सञ्चालन गरिएको तथ्याङ्क अधिकृत गणेश फुयाँलले जानकारी दिए ।

यसपटकको राष्ट्रिय जनगणना अन्तर्गत पारिवारिक विवरण सङ्कलन गर्दा हरेक परिवारले चलन गरिआएको खेतीपातीको क्षेत्रफल र पशुपक्षीको सङ्ख्या सङ्कलन गरिएको थियो। सोही लगतका आधारमा ७७ जिल्लाका ७५३ गाउँपालिका र नगरपालिकामा वैज्ञानिक छनोट विधिले छानिएका गणना क्षेत्र ( वडा, वडाखण्ड)मा रहेका कृषक परिवारको सूची अद्यावधिक गरी निश्चित मात्रामा कृषक परिवार छानिएको र कृषक परिवारसँग व्यक्तिगत अन्तर्वार्ताद्वारा कृषिचलनसम्बन्धी विस्तृत विवरण सङ्कलन गरिएको छ ।

सो गणना अन्तर्गत पारिवारिक, व्यावसायिक तथा संस्थागतरूपमा सञ्चालन भएका कृषि कार्यको विवरण सङ्कलन गरिएको हो । कृषि गणनामा सबै घरपरिवारको गणना नभई ७५३ वटै स्थानीय तहको प्रतिनिधित्व हुने तथा पूर्ण विवरण आउने गरी तथ्याङ्कीय विधिबाट छानिएका करीब तीन लाख ५० हजार कृषक घरपरिवारको गणना गरिएको छ।

जनगणनामा करीब ४१ लाख कृषक परिवारको सूचीकरण भएकामा कृषि गणनामा जनगणनाबाट प्राप्त कृषक परिवारमध्ये छानिएका करीब तीन लाख ५० हजार कृषक परिवार वैज्ञानिक विधिबाट छनोट गरी विस्तृत विवरण सङ्कलन गरिएको कृषि तथा वन तथ्याङ्क शाखाका वरिष्ठ अधिकृत सहनलक्ष्मी ताम्राकारले बताए ।

कृषक परिवार प्रश्नावलीमार्फत कृषक परिवार, कृषि चलन, कृषि कामदार, कित्ताको विवरण र सिंचाइ, खेती गरिएका अन्नबाली, कोसेबाली, दलहन, कन्दमूल, तेलबाली, नगदेबाली, मसलाबाली, अन्य तरकारी, फलफूल, बीउबिजन विषादी तथा मलखादको प्रयोगका विषयबारे राष्ट्रिय कृषि गणनामा सङ्कलन गरिएको छ ।

गणना अन्तर्गत पाल्तु पशुपक्षीको उमेर अनुसारको सङ्ख्या, कृषि कार्यमा प्रयोग हुने भवन र संरचना, कृषि औजार, पोखरीको विवरण र माछापालन, मौरीपालन, च्याउ र पुष्पखेती, रेशमखेती, कृषि ऋण, बीमा र अनुदान, कृषिमा वातावरणीय प्रभाव, दैवी प्रकोप, खाद्य पर्याप्तता, महिला र पुरुषका नाममा रहेको कृषि जग्गा तथा परिवारका अन्य आर्थिक क्रियाकलापसम्बन्धी विवरण पनि छन्।

पारिवारिक, व्यावसायिक र संस्थागतरूपमा उत्पादन हुने खेतीपाती, पशुपक्षीपालन, माछापालनको गणनाले यस क्षेत्रले राष्ट्रिय उत्पादनमा पार्ने प्रभाव तथा योगदानको अध्ययन गर्न सहयोग पुग्ने पशु सेवा विभागका प्रवक्ता डा चन्द्र ढकालले जानकारी दिए ।

व्यावसायिकरूपमा गरिएका तरकारीखेती, फलफूलखेती, ठूलो सङ्ख्यामा गरिएको कुखुरापालन, बाख्रापालन, दूध तथा दूधजन्य उत्पादन बिक्रीका लागि गरिएको गाईभैंसीपालन आदि पर्दछन् । संस्थागत कृषि कार्य भन्नाले सरकारी, अर्धसरकारी वा गैरसरकारी फार्म पर्दछन् । यसमा सहकारी व्यवस्थापन अन्तर्गत सञ्चालित कृषि फार्म पनि पर्दछन् ।

तथ्याङ्क सङ्कलनका लागि छानिएका गणना क्षेत्रमा करीब पाँच हजार गणक, सुपरीवेक्षण तथा सहजीकरणका लागि करीब एक हजार तीन सय सुपरीवेक्षकको व्यवस्था गरिएको थियो ।

तथ्याङ्क सङ्कलनका क्रममा कागज र कलमसहितको अन्तर्वार्ता विधि र ट्याबलेटको प्रयोग गरिएको कृषि गणनामा ७७ जिल्लामा अस्थायी प्रदेश तथा जिल्ला कृषि गणना कार्यालयको व्यवस्थापन गरिएको थियो ।

कृषि प्रणालीमा महिलाको सहभागिताको अवस्था, उनीहरूको स्वामित्वमा रहेको कृषि जग्गा, कृषि कार्यसम्बन्धी निर्णयमा उनीहरूको पहुँचबारे अध्ययन तथा कृषि गणनाको नतीजा गापा, नपा, प्रदेशस्तरमा र राष्ट्रियस्तरमा समेत उपलब्ध गराइने हुँदा तीनै तहका सरकारमा योजना तर्जुमा, अनुगमन, मूल्याङ्कन गर्न सहयोग पुग्नेछ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## प्लास्टिकका बोतलको कला प्रदर्शनी

ढाका, २३ पुस/सिन्हवा

बङ्गलादेश युवा सङ्गठनले प्लास्टिक प्रदूषणविरुद्ध चेतना जगाउन 'सेभ अर्थ, सेभ बङ्गलादेश' भन्ने नाराका ३० लाखभन्दा बढी प्लास्टिकका बोतलको कला प्रदर्शनी आयोजना गरेको छ।

विगत ३२ दिनदेखि जारी प्रदर्शनीमा प्लास्टिकका बोतल, पोलिथिन, चिप्सका प्याकेट र सिगरेट फिल्टरबाट बनेका तस्बिर तथा मूर्ति समावेश गरिएका छन्। ढाकामा रहेको युवा सङ्गठन 'बिडी क्लिन'ले लामो समयदेखि राजधानी ढाका र बङ्गलादेशका अन्य ठाउँमा प्लास्टिक फोहोर सफा गर्दै आएको छ।

प्लास्टिक र रासायनिक प्रदूषणसम्बन्धी जनचेतना अभिवृद्धि गर्ने लक्ष्यका साथ प्रदर्शनी आयोजना गरिएको बिडी क्लिनका संयोजक मसुदुर रहमानले बताएका छन्। प्रदर्शनीको तयारीका लागि बिडी क्लिनका सदस्यले डेढ महीनाभन्दा बढी समयदेखि देशका विभिन्न स्थानबाट प्लास्टिक सङ्कलन गरेको बताए।


तस्वीरः सिन्हवा

उनीहरूले निजी खर्चमा फोहोर सङ्कलन गरी यातायातका विभिन्न माध्यमबाट ढाकासम्म ल्याएको जानकारी दिए।

दैनिक हजारौं दर्शक प्रदर्शनीमा आएका तथा उनीहरू प्रस्तुत चित्रबाट आल्हादित भएको आयोजक संस्थाले बताएको छ। केही आगन्तुकले अब उप्रान्त प्लास्टिक प्रयोग नगर्ने प्रतिबद्धता व्यक्त गरेका छन्। वातावरण संरक्षणका खातिर प्लास्टिकको प्रयोगलाई निरुत्साहित गर्नुपर्नेमा उनीहरूले जोड दिएका छन्। रासस

## मलेशियालाई पत्रकारको निर्वासनबारे सोधपूछ

कराँची, २३ पुस/एएनआई

मिडिया वाचडग, रिपोर्टर्स विदाउट बोर्डर्स (आरएसएफ)ले मलेशियाका




अधिकारीलाई मलेशियामा वर्षौंदेखि शरणार्थीको रूपमा बस्दै आएका पाकिस्तानी पत्रकारलाई देश निकाला गरेको विषयमा स्पष्टीकरण दिन आग्रह गरेको छ।

आरएसएफले पाकिस्तान सरकारलाई पत्रकार अहिले कहाँ र कुन अवस्थामा छन्? सार्वजनिक गर्न आग्रह गरेको छ। पत्रकारको अपहरण भएको र यातना दिएको विषय केही गुप्तचर संस्थाले हालै सार्वजनिक गरेका छन्। सो विषय मलेशियाका गृहमन्त्रीले स्वीकार गरेको पनि दाबी गरिएको छ।

पत्रकार सैयद फवाद अली शाह जसलाई फवाद शाहका नामले चिनिन्छ, उनी गत अगस्त २३ देखि मलेशियामा बेपत्ता भएका थिए। यद्यपि मलेशियाली अधिकारीले शाह पाकिस्तानी प्रहरी भएको र पाकिस्तान निर्वासित गरेको बताएका छन्।

आरएसएफले विज्ञप्ति जारी गर्दै मलेशियाली अधिकारीहरूको सो दाबीलाई खण्डन गर्दै शाह कहिल्यै प्रहरी अधिकारी नभएको र उनी वास्तवमा संयुक्त राष्ट्रसङ्घको कार्यालयले सन् २०१४ मा शरणार्थीको रूपमा प्रमाणीकरण गरेको र मलेशियामा शरणार्थी कानूनको उपयोग गर्दै बसोबास गरिरहेको बताएको छ। उनका अनुसार आरएसएफको एशिया–प्रशान्त डेस्कका प्रमुख डेनियल बास्टार्डले मलेशियाली अधिकारीहरूको त्रुटिका कारण पत्रकार शाह अहिले कहाँ कुन अवस्थामा छन् यकीन नभएको बताएका छन्। रासस

## खराब मौसमका कारण दिल्लीका उडानहरू प्रभावित

नयाँ दिल्ली, २३ पुस/एएनआई

इन्दिरा गाँधी अन्तर्राष्ट्रिय विमानस्थल नयाँ दिल्लीबाट हुने करीब ३४ आन्तरिक उडान खराब मौसमका कारण प्रभावित भएका छन्।

शीतलहर र बाक्लो कुहिरोले भारतका विभिन्न ठाउँमा उडान प्रभावित भएका छन्, जसका कारण उडानमा विलम्ब भएको छ।

केन्द्रीय राजधानीसहित इन्दिरा गाँधी अन्तर्राष्ट्रिय विमानस्थलको उडान सञ्चालनमा अवरोध भएको छ, जसमा विभिन्न गन्तव्यबाट विमानस्थलमा १२ भन्दा बढी आगमन उडान पनि ढिलो भएका छन्।

इन्दिरा गाँधी अन्तर्राष्ट्रिय विमानस्थलले मौसमको सचेतताबारे सार्वजनिक सूचना पनि जारी गरेको छ। रासस


तस्वीरः फाइल

### आजको राशिफल

| | |
|---|---|
| मेष – भयचिन्ता | वृष – विजय |
| मिथुन – धनलाभ | कर्कट – भाग्योदय |
| सिंह – बेचैनी | कन्या – मनोरञ्जन |
| तुला – सफलता | वृश्चिक – प्रगति |
| धनु – वादविवाद | मकर – यात्रालाभ |
| कुम्भ – कडाश्रम | मीन – ज्ञानोदय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

**रानीघाट–पोखरिया बस समिति**

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे

## छ वर्षीय बालकले शिक्षिकालाई गोली हानेपछि ...

वाशिङ्टन, २३ पुस/सिन्हवा

अमेरिकाको भर्जिनिया राज्यमा एकजना छ वर्षीय बालकले आफ्नी शिक्षिकालाई गोली हानेर गम्भीर घाइते बनाएका छन्। पूर्वी राज्य भर्जिनियाको एक प्राथमिक विद्यालयमा शुक्रवार झगडा हुँदा एक छ वर्षीय बालकले शिक्षिकालाई गोली हानेर गम्भीर घाइते बनाएको स्थानीय प्रहरीले जनाएको छ।

न्यूपोर्ट न्यूज शहरका प्रहरीको अनुसार रिचनेक इलिमेन्टरी स्कूलकी ३० वर्षकी शिक्षिका गोली लागेर मरणासन्न भएकी छन्। उनको ज्यान जोखिममा रहेको बताइएको छ। त्यति सानो शिशुले कक्षाकोठामा बन्दुक कहाँबाट ल्यायो भन्नेबारे अनुसन्धान भइरहेको छ। बालकलाई हिरासतमा राखिएको छ। रासस

**सानो परिवार**
**सुखी परिवार**

वीरगंज महानगरपालिका कार्यालय

## रेडक्रस पोखरियाको साधारणसभा सम्पन्न

प्रस, पोखरिया, २३ पुस/

नेपाल रेडक्रस सोसाइटी, पोखरिया उपशाखा, पर्साको ३३औं वार्षिक साधारणसभा शनिवार सम्पन्न भएको छ।

सभामा २०७९/८० को अनुमानित २२ लाख तीन हजार २५१ रुपैयाँको आयव्यय विवरण संस्थाका कोषाध्यक्ष विनोद गिरीले प्रस्तुत गरेका थिए।

कार्यक्रममा प्रमुख अतिथि पर्सा शाखाका मन्त्री शैलेन्द्र चौरसियाले रेडक्रस मानवीय सेवामा कार्यरत संस्था भएकोले यस संस्थाप्रति सबैको सदाशयता जरुरी रहेको बताए। उनले संस्थाको आयव्यय विवरण चित्तबुझ्दो रहेको बताए। उनले पहिलो उपशाखाको रूपमा यस उपशाखाले कपडा बैंक स्थापना गरेकोमा प्रशंसा गरे। उपशाखा सभापति भगवान कुर्मीको सभापतित्वमा भएको कार्यक्रममा नगरप्रमुख प्रद्युम्न चौहान, वडाध्यक्ष लक्ष्मण साहले मन्तव्य व्यक्त गरेका थिए।

कार्यक्रममा प्रहरी निरीक्षक आयुष जोशी, सशस्त्र प्रहरी निरीक्षक हरिकृष्ण खड्कालगायत सहभागी थिए। कार्यक्रमको सञ्चालन विनोद गिरीले गरेका थिए।

## साना किसान कृषि सहकारीको साधारणसभा

प्रस, पर्सागढी, २३ पुस/

वीरगंज महानगरपालिका–२८ स्थित साना किसान कृषि सहकारी संस्था लि., उदयपुरघुर्मीको साधारणसभा शनिवार सम्पन्न भएको छ। संस्थाका अध्यक्ष दिनानाथप्रसाद यादवको अध्यक्षतामा भएको साधारणसभाको उद्घाटन सांसद अजयकुमार चौरसियाले गरेका थिए। साधारणसभामा लेखापाल मनोज यादवले आर्थिक प्रतिवेदन पेश गरेका थिए।

कार्यक्रममा प्रदेशसभा सदस्य श्याम पटेल, घरेलु तथा साना उद्योग वीरगंज कार्यालयका प्रमुख धनञ्जयकुमार सिंह, भेटेरिनरी तथा पशु सेवा विज्ञ केन्द्र, वीरगंजका प्रमुख रामकिशोर साह, जिल्ला सहकारी संस्थाका अध्यक्ष शिवकुमार साह, वडाध्यक्ष हृदयनारायणप्रसाद कुर्मीलगायतको सहभागिता थियो। कार्यक्रममा स्वागत प्रमोद यादव र सहजीकरण संस्थाका



लेखापाल यादवले गरेका थिए।

**Madhesh Pradesh Government**
**Ministry Of Industry, Tourism & Forest**
**Tourism Development Office**
**Birgunj, Parsa**

## Invitation for Electronic Bids

Date of Publication: 8th Jan, 2023

1. The Tourism Development Office, Birgunj invites sealed quotation from eligible Nepalese Bidders.
2. Eligible Bidders may obtain further information and inspect the Sealed quotation Forms at the Office of Tourism Development Office, Birgunj or may visit PPMO website: bolpatra.gov.np .
3. Bidder must Submit their bid electronically shall deposit the cost of bidding of NRs. 1000.00 (One Thousands Only) in the account specified below:

**Name Of The Bank:RastryaBanijaya Bank Ltd., Birgunj**
**Name Of the Office: Tourism Development Office, Birgunj, Parsa**
**Office Account No.: 1000100200010000**
Rajaswa (revenue) Shrishak No.: 14229

4. Bids must be submitted to the above office through e-GP system i.ewww.bolpatra.gov.np/egp on or before Jan 24, 2023 12:00 hours .
5. Bids Shall be opened in the presence of Bidder's representatives who choose to attain at 24 Jan 2023 at 13:00 hours at the Office of Tourism Development, Birgunj, Parsa . Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of as specified below which shall be valid for 30 days beyond the validity period of the bid i.e 75 days.

**Account Name: Pradesh LekhaEkaiKaryalaya, Parsa.**
**Name: RastriyaBanijaya Bank**
**Bank Address: Birgunj**
**Account No. : 1250100202030000**

6. If the last date of Purchasing and/or Submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the Validity period of the bid Security shall remain the same specified for the original last date of bid submission.

| S.N. | Sealed Quotation No. | Description and Location of work | Estimated Cost Excluding (VAT&Contengencies) | Bid Security |
|---|---|---|---|---|
| 1. | TDO/PAR/SQ/W/ 2079/080/01 | GumbaNirman at JitpurSimara Sub Metropolitan City Ward No. 22, Bara | 12,82,220.09 | 35,000.00 |
| 2. | TDO/PAR/SQ/W/ 2079/080/02 | Construction of ChhatGhat Park at JitpurSimara Sub Metropolitan City Ward No. 21, Bara | 12,81,571.95 | 35,000.00 |
| 3. | TDO/PAR/SQ/W/ 2079/080/03 | Construction of Sampatyamai Mandir Nirman at Jagarnathpur Rural Municipality Ward No. 5, Parsa | 12,81,967.86 | 35,000.00 |
| 4. | TDO/PAR/SQ/W/ 2079/080/04 | Construction of AdhuroKabristan at Jagarnathpur Rural Municipality-2, Parsa | 12,81,448.50 | 35,000.00 |
| 5. | TDO/PAR/SQ/W/ 2079/080/05 | Construction of MasihaniKabristan at Jagarnathpur Rural Municipality Ward No-5, Parsa | 12,82,127.42 | 35,000.00 |
| 6. | TDO/PAR/SQ/W/ 2079/080/06 | Construction of Ram Janki Dharmshala at FatuwaBijaypur Municipality-6, Rautahat | 17,11,836.23 | 50,000.00 |
| 7. | TDO/PAR/SQ/W/ 2079/080/07 | Construction of Adhuro Shree Krishna PranamiMandir at JitpurSimara Sub Metropolitan City Ward No 4, Bara | 12,81,895.94 | 35,000.00 |
| 8. | TDO/PAR/SQ/W/ 2079/080/08 | Construction of Ram janki dharmasala at Fatuwabijayapur ward mo 03, rautahat | 17,11,836.23 | 50,000.00 |
| 9. | TDO/PAR/SQ/W/ 2079/080/09 | Construction of Dalit Samudayik Dharmashala at Jitpur Sub Metropolitan City Ward No 9, Bara | 12,82,422.51 | 35,000.00 |
| 10. | TDO/PAR/SQ/W/ 2079/080/10 | Construction of Math at Gadhimai ward no 8, rautahtat | 12,81,780.27 | 35,000.00 |
| 11. | TDO/PAR/SQ/W/ 2079/080/11 | Construction of ChhatGhatNirman at JitpurSimara Sub Metroplolitan City Ward No 9, Bara | 12,81,633.56 | 35,000.00 |
| 12. | TDO/PAR/SQ/W/ 2079/080/12 | Construction of Sanskritik Tharu Dharmshala at Sano Matheriya JitpurSimara Sub Metropolitan City Ward No 19, Bara | 12,82,422.51 | 35,000.00 |

# पूर्वविद्यार्थीद्वारा विद्यालयमा फिल्टर जडान

प्रस, निजगढ, २३ पुस/

निजगढ नगरपालिका–८ स्थित गौरीशङ्कर माविमा २०४७ सालको एसएलसी ब्याजका विद्यार्थीहरूको समूहले शनिवार विद्यालयमा पानीको फिल्टर जडान गरेको छ।

त्यस बेला विद्यालयमा कार्यरत एकमात्र कार्यालय सहयोगी पियन बाजे ८४ वर्षीय चन्द्रप्रसाद दाहाललाई प्रमुख अतिथि बनाइ उनकै हातबाट फिल्टरको उद्घाटन गरिएको छ। आफूहरू पढ्दाको समयमा निजगढमा खानेपानीको चरम अभावको बेला पनि पियन बाजेले कुनै झर्को नमानी दैनिक ७०/८० गाग्री पानी ५/७ सय मिटर परबाट काँधमा बोकी गर्मीयामका बेला आफूहरूलाई लाइन लगाएर कक्षाकोठाहरूमा ल्याइ खुवाएको सम्झना गर्दै पियन बाजेलाई प्रमुख अतिथि बनाइ कार्यक्रमको उद्घाटन गरिएको पूर्वविद्यार्थीहरू मनोज भारती, ऋषि बडाल, माधव अधिकारीलगायतले बताए।

पूर्वविद्यार्थीहरूको समूहले दिएको सम्मानले आफू निकै हर्षित भएको पियन बाजे दाहालले बताए।

त्यस बेला झन्डै अढाई सय मिटर तल इनारबाट पानी बाल्टिनमा तानेर विद्यार्थी र मास्टरहरूलाई खुवाउनु गाह्रो काम थियो। आफूले सकेको सेवा २१ वर्षसम्म निरन्तर गरेकै कारण विद्यार्थीहरूले यसरी बेलाबखत सम्झिरहेकामा आफूलाई निकै खुशी लागेको उनले बताए।



निजगढ नपा–८ गौरीशङ्कर माविका २०४७ सालको एसएलसी ब्याचका विद्यार्थी र फिल्टरको उद्घाटन गर्दै अवकाशप्राप्त पियन। तस्वीरः प्रतीक

# हरिवन–७ मा पुनः मतगणना गर्न अदालतको आदेश

सर्लाही, २३ पुस/रासस

सर्लाहीको हरिवन नगरपालिका–७ को वडाध्यक्षको मत पुनः गणना गर्न उच्च अदालत जनकपुरले आदेश दिएको छ।



उच्च अदालत जनकपुर। तस्वीरः फाइल

हरिवन नगरपालिका–७ का अध्यक्षमा यसअघिको मतगणनालाई रद्द गरी पुनः मतगणना गर्न उच्च अदालत जनकपुरले आदेश दिएको हो।

उच्च अदालत जनकपुरका न्यायाधीशद्वय भोजराज अधिकारी र रेखा थापा (पाण्डे)को संयुक्त इजलासले पुनः मतगणनाका लागि आदेश दिएको उच्च अदालत जनकपुरका रजिस्ट्रार खड्गराज अधिकारीले जानकारी दिए।

गत वैशाख ३० मा सम्पन्न स्थानीय तहको निर्वाचनमा वडाध्यक्षमा नेकपा (एमाले)का नीरध्वज कार्की निर्वाचित भएका थिए।

निर्वाचन अधिकृतको कार्यालयको गणना अनुसार कार्कीले ३७९ मत ल्याएका थिए भने उनका निकटतम प्रतिस्पर्धी नेपाली काङ्ग्रेसका टीकाजङ्ग थापा (अशोक)ले ३७८ मत प्राप्त गरेका थिए। काङ्ग्रेसका थापाले तत्कालै पुनः मतगणनाको अन्तरिम आदेश जारीको मागसहित रिट दायर गरेका थिए।

वडाध्यक्षका रूपमा हाल कार्की कार्यरत छन्। पुनः मतगणनाको आदेशपछि अब उच्च अदालतमैं मतपत्र झिकाएर गणना गरिनेछ।

Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

## मोटरसाइकलसहित चोर पक्राउ

प्रस, वीरगंज, २३ पुस/

पर्सा प्रहरीले चोरी भएको मोटरसाइकलसहित चोरलाई पक्राउ गरेको छ।



हिजो राति सवा ९ बजे शवीरगंज–१२ सडकखण्डबाट चोरी भएको प्र २–०३–००१ प २६३८ नंको बुलेट मोटरसाइकल चोरी गरेको कसूरमा कोल्हवी नगरपालिका–७ बाराका भुवन चौधरीलाई पक्राउ गरिएको जिप्रका, पर्साले जनाएको छ।

रौतहट घर भई हाल वीरगंज–१२ बस्ने ३६ वर्षीय अजय यादवको बुलेट मोटरसाइकल हिजो चोरी भएको थियो।

# खेलकूदको संसार

## सङ्कटालाई आहा रारा पोखरा गोल्डकपको उपाधि

कास्की, २३ पुस/रासस

सङ्कटा फूटबल क्लबले २२औं संस्करणको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अन्तरक्लब आमन्त्रित आहा रारा पोखरा गोल्डकपको उपाधि जितेको छ। पोखरा रङ्गशालामा शनिवार सम्पन्न फाइनल खेलमा अमेरिकाको भुटनिज युथ स्पोर्ट्स क्लब (विवाइएससी) मिनेसोटालाई ३–२ गोलअन्तरले हराउँदै सङ्कटा दोस्रोपटक च्याम्पियन बनेको हो।

सङ्कटाले यसअघि २०औं संस्करणको पनि उपाधि जितेको थियो। विजेता टोलीले रु १२ लाखसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ। उपविजेता भुटनिज युथ क्लबले रु छ लाखसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ।

सङ्कटालाई च्याम्पियन बनाउन सुरजज्यू ठकुरी, मेसुके ओलामाउ र सुनील बलले एक/एक गोलको योगदान गरे। उपविजेता भुटनिज युथ क्लबका तर्फबाट रेने स्यान्टिलन र विलिस ग्रिफिटले गोल गरे।

खेलको सातौं मिनेटमा सुरजज्यू ठकुरीको गोलमा सङ्कटाले अग्रता लिएको थियो। यसैगरी, खेलको ३५औं मिनेटमा मेसुके ओलामाउले गोल गर्दै अग्रता दोब्बर बनाएका थिए। भुटनिज युथ क्लबका लागि रेने स्यान्टिलनले खेलको ३७औं मिनेट र पहिलो हाफको अतिरिक्त समयमा विलिस ग्रिफिटले दोस्रो गोल गर्दै खेल बराबरीमा पुगेको थियो।

खेलको दोस्रो हाफमा कुनै पनि गोल भएन। निर्धारित ९० मिनेटको समय बराबरीमा टुङ्गिएपछि खेल अतिरिक्त समयमा धकेलिएको थियो।

अतिरिक्त समयको पहिलो हाफ गोलरहित बराबरीमैं सकियो। तर ११७औं मिनेटमा सङ्कटाका सुनील बलले निर्णायक गोल गर्दै टीमलाई च्याम्पियन बनाएका थिए।

प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी सङ्कटाका सुनील बल घोषित भए। उनले एलजीको इलेक्ट्रिक स्कूटर प्राप्त गरे। उत्कृष्ट मिडफिल्डरमा सङ्कटाका आयुष घलान, उत्कृष्ट गोलरक्षकमा सङ्कटाकै टिकेन्द्र थापा, उत्कृष्ट फरवार्ड सङ्कटाकै स्टेफन बिनोङ र उत्कृष्ट डिफेन्डरको उपाधि भुटनिजका हेक्टर ओर्टेगाले प्राप्त गरे। प्रतियोगिताको उत्कृष्ट प्रशिक्षकमा सङ्कटाका सल्यान खड्गी घोषित भए। उनीहरू सबैले जनही रु २५ हजार पुरस्कार प्राप्त गरे।

# नेपाल शिक्षक सङ्घ, ठोरीको अधिवेशन सम्पन्न

चिरञ्जीवी सापकोटा, ठोरी, २३ पुस/

नेपाल शिक्षक सङ्घ ठोरीको अधिवेशन राईधारामा सम्पन्न भएको छ।



तस्वीरः प्रतीक

नेपाल शिक्षक सङ्घ, ठोरीका अध्यक्ष चिरञ्जीवी सापकोटाको सभापतित्व र नेपाली काङ्ग्रेस मधेस प्रदेशका महामन्त्री वृहस्पतिकृष्ण श्रेष्ठको प्रमुख आतिथ्यमा सम्पन्न गाउँ अधिवेशनबाट नेपाल शिक्षक सङ्घको नयाँ समिति चयन भएको छ।

विदुरप्रसाद सापकोटाको अध्यक्षतामा १५ सदस्यीय नयाँ कार्यसमिति चयन गरिएको नेपाल शिक्षक महासङ्घ, ठोरीका अध्यक्ष अमृत श्रेष्ठले बताए। समितिमा उपाध्यक्ष प्रेम कुँवर, महिला उपाध्यक्ष गोमा अधिकारी, सचिव गोपाल श्रेष्ठ, सचिव अर्थ सरिता तिमल्सिनालगायत सदस्यहरू छन्।

कार्यक्रममा मधेस प्रदेशका नवनिर्वाचित सदस्य शङ्करप्रसाद चौधरी, नेपाल शिक्षक महासङ्घका केन्द्रीय सदस्य छोटेलाल साह, नेपाल शिक्षक महासङ्घ पर्साका अध्यक्ष तीर्थराज यादव, नेपाल शिक्षक सङ्घ पर्साका अध्यक्ष प्रदीप जैसवाल, सङ्घका मधेस प्रदेश उपमहासचिव मोहनलालप्रसाद कुर्मी, जिल्ला सचिव अशोक साह, सहसचिव अशोक केवट, नेपाली काङ्ग्रेसका महाधिवेशन प्रतिनिधि रामबहादुर श्रेष्ठ, प्रकाश खनाल, नेपाली काङ्ग्रेस ठोरीका अध्यक्ष सन्तोष श्रेष्ठ, वडाध्यक्ष अमृतकृष्ण सापकोटालगायतले शुभकामना दिएका थिए। कार्यक्रममा स्वागत नेपाल शिक्षक महासङ्घ, ठोरीका अध्यक्ष अमृत श्रेष्ठ र सहजीकरण शिक्षक रमेश नेपालले गरेका थिए।

## सहकारीको साधारणसभा

प्रस, बारा, २३ पुस/

उपलब्धि बचत तथा ऋण सहकारी संस्था लि., प्रसौनी गाउँपालिका–२ बाराको १०औं वार्षिक साधारणसभा सम्पन्न भएको छ। संस्थाका अध्यक्ष अमित कुमारको अध्यक्षतामा भएको साधारणसभाको गापा अध्यक्ष विनोदकुमार जैसवालले उद्घाटन गरेका थिए।

कार्यक्रममा कोषाध्यक्ष रतनेशकुमार गुप्ताले आर्थिक प्रतिवेदन पेश गरेका थिए। कार्यक्रममा बारा जिल्ला बचत तथा ऋण सहकारी सङ्घका अध्यक्ष सतेन्द्रप्रसाद ठाकुर, रमेशचन्द्र सुडी, बलिराम महतोलगायतले मन्तव्य व्यक्त गरेका थिए। कार्यक्रममा स्वागत विनोद साह कानू र सञ्चालन प्रीतम कुमारले गरेका थिए।

# भूमरिमाई विकास समितिको साधारणसभा

बलिराम शुक्ल, बिरुवागुठी, २३ पुस/

भुमरिमाई धार्मिक पर्यटन तथा सामाजिक विकास समिति, पटेर्वासुगौली गाउँपालिका–२ को दोस्रो साधारणसभा सम्पन्न भएको छ।



तस्वीरः प्रतीक

भुमरिमाई धार्मिक पर्यटन तथा सामाजिक विकास समितिका अध्यक्ष कुमार बस्नेतको अध्यक्षतामा भएको साधारणसभाको प्रमुख अतिथि पटेर्वासुगौली गाउँपालिका अध्यक्ष दिनेश चौधरीले पटेर्वासुगौली गापा पर्यटनको सम्भावना बोकेको गापा रहेको र यहाँ रहेका धार्मिकस्थल भौरीमाई, गादीमाई, दुग्धेश्वरनाथ भाथाको विकास गर्ने र आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउन सकिने भएकोले भुमरिमाईमा धार्मिक पर्यटनको लागि पालिकाबाट सक्दो सहयोग गरिने बताए।

पटेर्वासुगौली गापाकी उपाध्यक्ष ममता महतोले युवाहरूको बेरोजगारी समस्या समाधान र युवाहरूलाई समेट्न पालिकाले पर्यटन र कृषिलाई प्राथमिकतामा राखी काम गरिरहेको हुनाले भुमरिमाई धार्मिक पर्यटन विकासको लागि प्रदेश र केन्द्र सरकारको पनि ध्यानाकर्षण गराउने बताइन्।

कार्यक्रममा पटेर्वासुगौली गापाका वडाध्यक्ष विजय गैरे, पूर्वशिक्षक तथा समाजसेवी महेन्द्र चौधरी, समाजसेवी नौशाद अन्सारीलगायतले मन्तव्य व्यक्त गरेका थिए।

कार्यक्रममा आर्थिक प्रतिवेदन समितिका कोषाध्यक्ष अमित अधिकारीले प्रस्तुत गरेका थिए। कार्यक्रममा स्वागत समितिका सदस्य सजिना विकले गरेकी थिइन् भने सहजीकरण सन्दीप पाण्डेले गरेका थिए।

मुटुलगायत स्वास्थ्य समस्याबाट बच्न:
- चिल्लो तथा वोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमितरूपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड